म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक २५९ | बिहीबार, १८ बैशाख २०८२ | ने. सं. ११४५ बछलाथ्व | 1 May 2025 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
## राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**मजदुरको हकहित संरक्षण गरौं**

- मिकका लागि स्वस्थ, सुरक्षित र मर्यादित कार्य वातावरणको निर्माण गरौं,
- दक्ष श्रमशक्तिको विकास र सदुपयोग गरी उत्पादकत्व बढाऔं,
- असल औद्योगिक श्रम सम्बन्ध कायम गरौ, व्यवस्थापनमा श्रमिकको सहभागिता सुनिश्चित गरौं,
- स्वदेशी तथा विदेशी श्रम बजारको मागअनुरूप दक्ष एवं प्रतिस्पर्धी जनशक्ति तयार गरौं,
- बालश्रमलगायतका श्रम शोषणका सबै रुपको अन्त्य गरौं.
- मजदूरका लागि स्वास्थ्य बीमा, दुर्घटना बीमा, पेन्सनलगायत अन्य सामाजिक सुरक्षाका कार्यक्रमहरु लागू गरौं ।
- सामाजिक सुरक्षासहितको रोजगार, हामी सबैको सरोकार ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# आयोजना बैंकमार्फत टुक्रे योजना नियन्त्रण गर्ने प्रदेशको रणनीति

साझाकुरा संवाददाता

हेटौंडा, १७ बैशाख/ आगामी आर्थिक वर्ष २०८२/८३ मा बागमती प्रदेश सरकारले साना र टुक्रे आयोजनालाई नियन्त्रण गर्ने रणनीति लिएको छ ।

आयोजना बैंक प्रणालीलाई प्रभावकारी बनाउँदै योजना छनोट र बजेट विनियोजनमा सुधार ल्याउने लक्ष्यसहित प्रदेश नीति तथा योजना आयोगले स्पष्ट मापदण्ड तयार पारेको छ । अब कार्यक्रमहरु पहुँच वा प्रभावका आधारमा नभई आवश्यकता र प्रभावकारिताका आधारमा छनोट गरिने आयोगका उपाध्यक्ष डा.गंगादत्त नेपालले बताए । आयोगका अनुसार २५ लाखदेखि ५० लाख रुपैयाँभन्दा माथिका आयोजना मात्रै आयोजना बैंकमा प्रविष्ट हुनेछ । प्रत्यक्ष निर्वाचित सांसदले एक करोड रुपैयाँसम्मको क्षेत्रीय गौरव आयोजना प्रस्ताव गर्न पाउने उनले बताए ।

'आयोजना बैंकमा प्रविष्टि हुन साथ सबै योजना कार्यान्वयन हुन्छ भन्ने हुँदैन' उनले भने 'प्राथमिकताको आधारमा योजनालाई अगाडि बढाउने काम हुन्छ, यो वर्ष नपरेको योजना अर्को वर्ष पर्न सक्छ ।' साना आयोजना भने स्थानीय तहमार्फत कार्यान्वयन गरिने उपाध्यक्ष नेपालले बताए । आयोजना बैंकमार्फत् योजना प्रविष्ट गर्ने कार्यका लागि १४ मन्त्रालय र यस मातहतका कार्यालयलाई आयोगले लगइन आइडी र पासवर्ड उपलब्ध गराएको छ । मन्त्रालयले प्रविष्ट गरेका योजनालाई मापदण्डका आधारमा मूल्यांकन गरिने उपाध्यक्ष नेपालले बताए । प्रदेश सरकारले आगामी वर्ष ६० प्रतिशत योजना आयोजना बैंकमार्फत् सञ्चालन गर्ने लक्ष्य राखेको छ ।



सम्बन्धित मन्त्रालय वा प्रदेश सरकारका निकायबाट गरिने प्रारम्भिक प्राथमिकीकरणका आधारमा १०, प्रारम्भिक मूल्यांकनका लागि ३०, नीतिगत सामञ्जस्यताका लागि २१, मानव विकासको अवस्थाका लागि ६, संवैधानिक प्राथमिकताका लागि ८ अंक निर्धारण गरिएको उपाध्यक्ष नेपालले जानकारी दिए । नेपालकाअनुसार यही मापदण्डको आधारमा ५६ अंक वा सोभन्दा बढी भएका योजनालाई पहिलो र ५६ भन्दा कम अंक भएकालाई दोस्रोमा प्राथमिकीकरण गरिनेछ ।

प्राप्तांकका आधारमा क्रम निर्धारण गरी आयोजना बैंकमा समावेश गरिने उपाध्यक्ष नेपालको भनाइ छ । समावेश आयोजनाको सूचीलाई मन्त्रालय र निकायमा वैशाख मसान्तभित्र पठाइने उनले बताए । मन्त्रालयले प्रस्ताव गरेका आयोजना जेठ २० गतेभित्र आवश्यक छलफल र सुझावका लागि आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगको संयुक्त बैठकमा प्रस्तुत र छलफलबाट प्राप्त सुझावसमेतलाई समेटेर मन्त्रालयले आयोजना छनोट गरी जेठ २४ गतेभित्र बजेट विनियोजनका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेस गर्नुपर्ने व्यवस्था छ ।

यता आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्लेले आयोजना बैंक पूर्णरुपमा कार्यान्वयनमा आउन नसक्ने बताएका छन् । 'यो वर्ष सुरुवातीचरण भएकोले पूर्णरुपमा कार्यान्वयनमा आउन नसक्ने भएपनि आंशिकरुपमा भने कार्यान्वयनमा आउने छ' उनले भने । मन्त्रालयले प्राथमिकताका साथ राखेको बहुवर्षीय योजनालाई आयोजक बैंकमार्फत अगाडि बढाउने तयारीमा सरकार रहेको मन्त्री काफ्लेको भनाई छ । नीति आयोग मार्फत सबै विभागीय मन्त्रालयलाई योजनाको सन्दर्भमा पत्रचार भएको र अबको संकलन गर्ने क्रममा रहेको उनले बताए । मन्त्री काफ्लेले व्यवस्थित प्रदेश विकासको योजनामा सरकार अघि बढ्ने समेत जिकिर गरे ।

मन्त्री काफ्लेले बजेटमा टुक्रे योजनालाई पूर्णरुपमा निरुत्साहित गर्न नसकिने बताए । विगतमा जस्तो आगामी बजेटमा टुक्रे योजनाहरु धेरै नहुने उनले दाबी गरे । 'कतिपय अवस्थामा ठुला योजनालाई टुक्रे योजनाले जोड्ने भएको हुँदा टुक्रे योजनालाई पूर्णरुपमा निस्तेज गर्न सकिँदैन' मन्त्री काफ्लेले बताए । आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी आर्थिक वर्षको लागि राजस्व संकलन र बजेट खर्च तथा योजना कार्यान्वयनको मूल्यांकनसहित ५५ अर्ब रुपैयाँको सिलिङ पठाएको छ ।

आर्थिक मामिला मन्त्रालयले भौतिक पूर्वाधार विकास मन्त्रालयलाई १४ अर्ब रुपैयाँको सिलिङ दिएको छ । यस्तै, खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालयलाई पाँच अर्ब, युवा तथा खेलुकद मन्त्रालयलाई ६१ करोड रुपैयाँको सिलिङ तोकेर पठाएको छ । कृषि तथा पशुपंक्षी विकास मन्त्रालयलाई दुई अर्ब ५१ करोड, स्वास्थ्य मन्त्रालयलाई तीन अर्ब, सामाजिक विकास मन्त्रालयलाई एक अर्ब ८५ करोड, वन मन्त्रालयलाई दुई अर्ब २५ करोड रुपैयाँ, आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई ४४ करोड रुपैयाँ सिलिङ तोकिएको छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालयलाई ३७ करोड रुपैयाँको सिलिङ तोकिएको छ । उद्योग वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयका लागि ६१ करोड रुपैयाँ, संस्कृति पर्यटन मन्त्रालयका लागि एक अर्ब ४८ करोड रुपैयाँ, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा २१ करोड रुपैयाँ, श्रम रोजगार तथा यातायात मन्त्रालयमा ७१ करोड र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई ३५ करोड रुपैयाँको सिलिङ निर्धारण गरिएको छ ।

# निर्जीवन बीमाको विषयमा अर्न्तक्रिया कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, १७ बैशाख/ राष्ट्रिय बीमा कम्पनी लिमिटेडले निर्जीवन बीमाको विषयमा बागमती प्रदेश सरकार र सरकारी निकायबीच अन्तरक्रिया गरेको छ ।

बीमा कम्पनीले गर्दै आएको कामकारबाहीका साथै प्रदेश सरकारसँगको अपेक्षाको विषयमा छलफल गर्ने उद्देश्यले हेटौंडामा अन्तरक्रियाको आयोजना गरेको हो । बीमा कम्पनी लिमिटेडका अध्यक्ष दिनेश उपाध्यायको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाको प्रमुख आतिथ्यता रहेको थियो । मुख्यमन्त्री लामाले नेपाल सरकारको स्वामित्व प्राप्त राष्ट्रिय बीमा कम्पनी लिमिटेडसँग सहकार्यका लागि प्रदेश सरकार तयार रहेको बताएका थिए ।

उनले सरकारी कार्यालयसँग सम्बन्धित बीमाको जिम्मेवारी सरकारी कम्पनीलाई नै दिनुपर्ने बताए । यसका लागि प्रदेश सरकार तयार रहेको मुख्यमन्त्री लामाको भनाई थियो । कार्यक्रममा बागमती प्रदेशका अर्थमन्त्री कुन्दनराज काफ्लेले प्रदेश सरकारको निर्जीवन बीमा राष्ट्रिय बीमा कम्पनी लिमिटेडबाटै गराउनका लागि आवश्यक पहल थालनी गर्ने प्रतिबद्धता जनाए ।



कार्यक्रममा आन्तरिक मामिला तथा कानून मन्त्री सुरजचन्द्र लामिछाने, सामाजिक विकास मन्त्री हरिप्रभा खड्गी, खानेपानी उर्जा तथा सिँचाई मन्त्री श्याम खड्का, स्वास्थ्य मन्त्री किरण थापा, श्रम, रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जन, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री सुकुमाया तामाङ, सहकारी तथा गरिबी निवारण मन्त्री मदुकुमार श्रेष्ठ लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रमको बारेमा बोर्ड सदस्य बोलराज आचार्यले जानकारी गराएका थिए । बीमा कम्पनी लिमिटेडको काम, कर्तव्य, अधिकारको विषयमा वीमा कम्पनीका डिसिइओ सुवास कोइरालाले प्रश्तुतीकरण गरेका थिए । राष्ट्रिय बीमा कम्पनी र प्रदेश सकारको बीचमा सहकार्यका लागि अन्तरक्रियाको आयोजना गरिएको अध्यक्ष दिनेश उपाध्यायले जानकारी दिए । कार्यक्रममा सरकारी निकायका विभिन्न संघसंस्थाका प्रमुख प्रतिनिधिको उपस्थिति रहेको थियो ।

## बकैयाको हात्तीचरण सामुदायिक वन उपभोक्ता समूहको अनुगमन

साझाकुरा संवाददाता

हेटौंडा, १७ बैशाख/ सामुदायिक वन उपभोक्ता महासंघ बकैया, सामुदायिक वन उपभोक्ता महासंघ मकवानपुर, सामुदायिक वन अधिकार सुनिश्चितता परियोजनाले संयुक्तरुपमा बकैया-७, स्थित हात्तीचरण सामुदायिक वन उपभोक्ता समूहको अनुगमन गरेको छ ।

महासंघ बकैयाकी अध्यक्ष सूर्यकला तिमल्सिना र परियोजनाकी सन्ध्या शिवाकोटीले हावापानी सुहाउँदो वन कसरी बनाउने र सामुदायिक वनको श्रोतको खोजी गर्ने उद्देश्यले अनुगमन गरेका हुन् । हात्तीचरण सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष पोषबहादुर घिमिरे (राजन) ले सामुदायिक वनको विकासका लागि पोखरी निर्माणदेखि पर्यटक पार्कस्थल निर्माण, कुचो र बाँस रोप्ने अभियान गरिएको जानकारी दिए । यस्तै वनमा अन्य रुखविरुवा हुर्कन नदिने माइकेनिया मिकान्त मिचाहा प्रजातिको झार समेत उन्मुलन गरिएको अध्यक्ष घिमिरेले बताए ।

सोहीदिन सामुदायिक वनको अधिकार, पहिचान र वन सुशासन सम्बन्धी सामुदायिक वन उपभोक्ता समूहका अगुवालाई क्षमता विकास तालिम दिइएको छ । हात्तीचरणका अगुवालाई स्थानीय सरकार तथा स्थानीयस्तरका समन्वयात्मक कार्यबाट नेपालमा सामुदायिक वन अधिकार सुनिश्चितता भन्ने उद्देश्यले तालिम दिइएको हो ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# सरकारको प्राथमिकतामा सडक

बागमती प्रदेश सरकारले पहिलो प्राथमिकता सडक निर्माणलाई दिएको छ । पछिल्लो समयमा अधिकांश पालिकाहरुले पनि सडकलाई नै प्राथमिकतामा राखेर काम गरिरहेका छन् । धादिङको रुबीभ्याली गाउँपालिकाले चारवर्ष अघि एक सय किलोमिटर नयाँ ट्र्याक खनेर गाउँपालिकाको केन्द्रसम्म सडक जोडेको थियो । बागमती प्रदेशको लगानीमा दोलखाको शैलुङ गाउँपालिका र मेलुङ गाउँपालिका जोड्ने सडक कालोपत्रे हुने भएको हो । तामाकोशी गाउँपालिका-१, भीरकोट हुँदै वैत्यश्वर गाउँपालिका जोड्ने सडक कालोपत्रे गर्ने तयारी भएको हो । प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत पूर्वाधार विकास कार्यालय दोलखामार्फत् दुई मुख्य सडक कालोपत्रेका लागि बोलपत्र आह्वान गरेको छ । पूर्वाधार कार्यालयले १६ करोड १० लाख रुपैयाँ बजेटमा टेन्डर आह्वान गरेको हो ।

करिब तीन दशक पुरानो भीरकोट-झुले-छौडे सडक कालोपत्रे नहुँदा यातायात सञ्चालन गर्न असहज भएको थियो । सडक कालोपत्रे भएपछि तामाकोशी वैत्यश्वर र जिरीका स्थानीयलाई आवागमन सहज हुनेछ । यो सडकको ठेक्का आह्वान भएपछि सडक कालोपत्रे हुनेमा स्थानीय आशावादी रहेका छन् । सडक निर्माण नहुँदा सार्वजनिक यातायातसमेत वैकल्पिक मार्गबाट चल्न थालेपछि स्थानीयले सास्ती बेहोर्नु परेको थियो । गाउँमा उत्पादन गरिएका तरकारी तथा फलफूल बजारसम्म पुऱ्याउन सहज हुने भन्दै स्थानीय खुशी भएका हुन् । प्रदेश सरकारकै लगानीमा यो सडकको कालीदहबाट एक किलोमिटर सडक ढलानकार्य धमाधम भइरहेको छ । कार्यालयले मुडे-मेलुङ सडकको भैँसे-बुद्धचोक खण्ड कालोपत्रेका लागि १६ करोड १० लाख रुपैयाँमा टेन्डर आह्वान गरेको छ । उच्चप्रविधिको कालोपत्रे गरिने पूर्वाधार विकास कार्यालयले बताएको छ । यो सडकको पहिलो खण्ड मुडे-बाघखोर-कालापानी नौ किलोमिटर सडक कालोपत्रे गर्ने काम अन्तिमचरणमा पुगेको छ । दोलखाको मुख्य पर्यटकीयस्थल शैलुङ प्रवेश गर्ने सडक कालोपत्रे भएसँगै सिन्धुपाल्चोक-मुडे हुँदै शैलुङ आवतजावत गर्न सहज हुनेछ । जिरी-चेर्दुङ सडकको स्तरोन्नतिका लागि पनि पाँच करोड रुपैयाँमा टेन्डर आह्वान गरि सकेको छ । प्रदेश सरकारको लगानीमा दोलखामा दुईवटा सडक कालोपत्रे सम्पन्न भएका छन् । भौगोलिकरुपमा विकट रहेको कालिञ्चोक गाउँपालिका हुँदै बिगु गाउँपालिकासम्म पुग्ने सुनखानी-साङ्बा १५ किलोमिटर सडक कालोपत्रे गरिएको हो । सडक कालोपत्रे गरिएसँगै कालिञ्चोक गाउँपालिका र बिगु गाउँपालिकाबीच यात्रा सहज भएको छ ।

प्रदेश सरकारकै लगानीमा चरीकोट-देउराली करिब पाँच किलोमिटर सडक कालोपत्रे तथा ढलान गर्ने कार्य सम्पन्न भएको छ । यो सडक कालोपत्रे भएपछि धार्मिक तथा पर्यटकीयक्षेत्र कालिञ्चोक भगवती मन्दिर दर्शन गर्न आउने पर्यटकलाई सहज भएको स्थानीयले बताएका छन् । सोही सडक हुँदै देउरालीदेखि कालिञ्चोक पुग्ने बाँकी सडकखण्डको निर्माण भइरहेको छ । पूर्वाधार विकास कार्यालयअन्तर्गत दोलखाका करिब एक दर्जन ठुला सडक आगामी आर्थिक वर्षभित्र सम्पन्न हुने गरी काम भइरहेको कार्यालयले जनाएको छ । लामोसाँघु-जिरी सडकखण्डको मकैबारी खण्डबाट देउरालीसम्म कालोपत्रे भएको छ । यो सडकखण्डको सुस्पा क्षमावतीको पानीघाटसम्मको सडक विस्तार सम्पन्न भइसकेको छ । चालु आवमा दोलखामा कार्यालय स्थापना भएसँगै जिल्लामा ठेक्का लागेर अलपत्र रहेका सडकलाई कार्यालयले पटकपटक ताकेता गरेर निर्माण सुरु गराएको कार्यालयले जनाएको छ । प्रदेश सरकारको लगानीमा सिँगटी-लादुक-बुलुङ सडक निर्माण, दुईवटा पुल निर्माण सम्पन्न र बाँकी तीनवटा पुल निर्माणाधीन रहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ बैशाख १९ गते शुक्रबार २ मे २०२५ । पञ्चमी, बैशाख शुक्लपक्ष । बछलाथ्व ११४५ ने.सं. । सूर्योदय ५:२६, सूर्यास्त ६:३७ । आद्यगुरु शंकराचार्य जयन्ती । रामानुजाचार्य जयन्ती ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मन प्रसन्न रहनेछ | तुला | : परिवारमा सुखद माहौल रहनेछ |
| वृष | : विरोधी परास्त हुनेछन् | वृश्चिक | : स्थिति अनुकूल बन्नेछ |
| मिथुन | : व्यापारमा लाभ हुनसक्नेछ | धनु | : प्रेम सम्बन्ध प्रगाढ हुनेछ |
| कर्कट | : काममा सफलता मिल्नेछ | मकर | : अहंकारको भावले काम विगार्नेछ |
| सिंह | : अधुरा कामहरु पूरा हुनेछ | कुम्भ | : धार्मिक कार्यको अवसर मिल्नेछ |
| कन्या | : स्वास्थ्यको समस्या आउनेछ | मीन | : व्यापार राम्रो चल्नेछ |

# कर्मचारीतन्त्रमा सुधारको अपेक्षा



सागर घले

राज्य चलाउन सरकार मात्र हुँदैन, त्यहाँ कर्मचारी हुन्छ अनि कर्मचारीले आफ्नो काम गर्ने थलो मानिने प्रशासन । कुनै पनि सरकार कति चलायमान छ भन्ने नतिजा त्यहाँको प्रशासन र कर्मचारीले दिने सेवा-सुविधाले केही रुपमा प्रस्ट पार्दछ । नेपालजस्तो राजनीतिक अस्थिरताले चेपेको देशमा झनै कर्मचारीतन्त्रको ठूलो भूमिका रहने गर्दछ । के हाम्रा प्रशासनमा बसेका कर्मचारीहरुले नागरिकको दैनिक जीवनमा आइपर्ने प्रशासनिक मुद्दालाई छिटो र छरितो बनाउन मद्दत गरेका छन् ?

सामान्य भाषामा बुझ्ने हो भने ऐन, नियम, कानुनको निष्पक्ष कार्यान्वयन गरी राज्य र नागरिकको निरन्तर सेवा गर्ने कर्मचारीको पेसागत समूहलाई कर्मचारीतन्त्र भनिन्छ । कर्मचारीतन्त्रको आधुनिक व्याख्या जर्मन समाजशास्त्री म्याक्स वेबरले गरेका हुन् । उनले वैधानिक संगठन जसले अख्तियारको सबैभन्दा आदर्श ढंगले अभ्यास गर्ने प्रशासनिक संयन्त्रको स्वरूपमा कर्मचारीतन्त्रलाई परिभाषित गरेको पाइन्छ । कार्ल मार्क्सले पूँजीपति वर्गले मजदुर वर्गलाई नियन्त्रण गर्ने माध्यमको रूपमा कर्मचारीतन्त्रको व्याख्या गरेको पाइन्छ ।

धेरै देशमा जस्तै नेपालमा पनि कर्मचारीतन्त्र प्रभावकारी शासन, विकासका लागि सहजकर्ता र बाधक दुवै भएको पाइन्छ । कानुनी ढाँचा, अन्तर्राष्ट्रिय मापदण्डहरू र नवीन अभ्यासहरू जाँच गरेर, हामीले दक्षता, पारदर्शिता र जवाफदेहिता बढाउन कर्मचारीतन्त्रलाई कसरी सुधार गर्न सकिन्छ भन्नेबारे अन्तरदृष्टि प्राप्त गर्न सक्छौं ।

कर्मचारीतन्त्रले सरकारलाई सहयोग गर्ने एउटा मुख्य तरिका भनेको यसको संगठनात्मक संरचना हो । विशेष विभाग र भूमिकाहरूमा कार्य विभाजन गरेर कर्मचारीतन्त्रले सरकारका विभिन्न कार्य कुशलतापूर्वक सम्पन्न भएको सुनिश्चित गर्दछ । उदाहरणका लागि, नेपालमा कर्मचारीले सरकारलाई विभिन्न मन्त्रालय र विभागहरूलाई जिम्मेवारी दिएर शिक्षा, स्वास्थ्य सेवा र पूर्वाधार विकासजस्ता विभिन्न क्षेत्र व्यवस्थापन गर्न मद्दत गर्दछ ।

यसबाहेक, कर्मचारीतन्त्रले सरकारी कामकाजमा सुव्यवस्था र स्थिरता कायम राख्न मद्दत गर्दछ । स्थापित प्रक्रिया र नियमहरूमार्फत कर्मचारीतन्त्रले पारदर्शिता र जवाफदेहितालाई बढावा दिँदै, निश्चित रूपरेखा पछ्याएर निर्णयहरू लिइएको सुनिश्चित गर्दछ ।

यो संरचित दृष्टिकोणले स्वेच्छाचारी कार्यहरू रोक्न मद्दत गर्दछ र सरकारी कार्यहरू कानुन र नीतिहरूसँग मिल्दोजुल्दो छ भन्ने सुनिश्चित गर्दछ । अन्ततः नागरिकहरूबीचको विश्वास बढाउँछ । तर हाम्रो कर्मचारीतन्त्र कानुन, नीति र प्रक्रियाभन्दा पनि बढी हाकिमको हुकुमी साशनमा ढल्केको पाइन्छ । हाकिमको आदेशलाई कानुनभन्दा पनि माथि ठान्नु, उनीहरुको आदेशलाई पर्खिने प्रवृत्तिले सधैं आम नागरिक चपेटामा पर्ने गर्छन् ।

हाकिमहरु ठूलो बन्ने, श्रेष्ठताको भावना दर्शाउने कारणले नागरिकले पाउनु-नपाउनु दु:ख पाउने गर्छन् । कर्मचारीतन्त्र जनताप्रति उत्तरदायी नभई पदसोपान क्रममा माथिल्लो अधिकारप्रति उत्तरदायी हुने औपचारिक उत्तरदायित्वमा काम गरिरहेको देखिन्छ । राज्यको ढुकुटी र जनताको ट्याक्सले तलब, भत्ता पाएका कर्मचारीहरुबाट आफ्ना इच्छा पूरा नहुँदा जनता निरास भएका छन् । कुनै एउटा सानो निर्णय गर्नुपर्दा हाकिमको आदेश, झन्झटिलो प्रक्रिया अपनाउनुपर्ने भएकाले यसले थप जनतालाई तितो महसुस गराउन बाध्य बनाएको छ ।

संविधानले सुनिश्चित गरेअनुसार सरकारको तीनवटा अंग छन् । व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका । यी तीनवटा अंगले गर्ने हरेक काम-कर्तव्यमा कर्मचारीको भूमिका हुन्छ । उक्त अंगले ल्याएको व्यवस्था, कानुन, नीति निर्माण सफल हुनु र नहुनुमा कर्मचारीतन्त्रको हात हुने गर्दछ । कर्मचारीविहीन यी अंगहरुले राखेका उद्देश्य प्राप्त गर्न लगभग असम्भव नै हुन्छ । सरकारले बनाउने ऐन-कानुनमा कर्मचारीतन्त्रको ठूलो भूमिका रहने भएकाले कर्मचारीतन्त्रलाई थप सहजीकरण बनाउन आवश्यक देखिन्छ ।

हाम्रा नागरिकहरु प्रशासनमा कर्मचारीतन्त्रको हाबी देखेर वाक्कदिक्क भएको तितो अनुभव सुनाउने र सुनिने गरिन्छ । हुन पनि किन नहुनु, कङ्गारुले बच्चा चेपेजस्तो फाइल या रिपोर्ट बोकेर एकपछि अर्को फाँट पुग्दै दिन जान्छ । घरी तपाईंको यो फाइल पुगेन, त्यो फाइलको काम यहाँ हैन, त्यहाँ जानुस् भनेर पेल्नसम्म पेल्छन् । यसै कारण संविधानको धारा २७ मा मौलिक हकमा उल्लेख गरिएको सूचनासम्बन्धी हकलाई थप प्रभावकारी बनाउन आवश्यक देखिन्छ ।

नेपालमा कर्मचारीतन्त्र सुदृढ गर्ने एउटा उपाय भनेको प्रशासनिक प्रक्रियालाई सुव्यवस्थित बनाउनु हो । प्रशासनिक प्रक्रियालाई सरल बनाउन र अनावश्यक कागजी कार्यहरू कम गर्नाले निर्णय लिने र सेवा प्रवाहलाई छिटो बनाउन मद्दत गर्न सक्छ । उदाहरणका लागि, व्यवसाय वा निर्माण परियोजनाहरूका लागि सरकारी अनुमतिहरू जारी गर्ने सन्दर्भमा, अधिक कुशल कर्मचारीतन्त्रले प्रक्रियात्मक ढिलाइ र अवरोधहरूलाई उल्लेखनीय रूपमा कम गर्न सक्छ, जसले गर्दा थप लगानी आकर्षित गर्न र आर्थिक वृद्धिलाई बढावा दिन सक्छ ।

थप रूपमा कर्मचारीतन्त्र प्रक्रियाहरूको पारदर्शिता र जवाफदेहिता अभिवृद्धि महत्त्वपूर्ण छ । सार्वजनिक सेवा र प्रतिक्रियाका लागि अनलाइन पोर्टल, ई गभर्नेन्सजस्ता संयन्त्रहरू कार्यान्वयन गर्दा पारदर्शिता बढाउन र भ्रष्टाचारका अवसरहरू कम गर्न सकिन्छ । खुलापन र उत्तरदायित्वको प्रवर्द्धन गरेर, नेपालको कर्मचारीले नागरिकहरूसँग विश्वास निर्माण गर्न र थप समावेशी र सहभागितामूलक शासन प्रणाली सिर्जना गर्न सक्छ ।

यसबाहेक, कर्मचारीतन्त्रभित्र क्षमता निर्माण सर्वोपरि छ । निजामती कर्मचारीहरूका लागि तालिम र व्यावसायिक विकासका अवसरहरू प्रदान गर्नाले उनीहरूको सीप र ज्ञानमा वृद्धि गरी उनीहरूलाई आफ्नो कर्तव्यहरू अझ प्रभावकारीरूपमा पूरा गर्न सक्षम बनाउँछ । उदाहरणका लागि, भ्रष्टाचार विरोधी प्रयासमा संलग्न सरकारी अधिकारीहरूका लागि तालिम कार्यक्रममा लगानी गर्दा भ्रष्टाचारविरुद्धको नेपालको लडाइँलाई बलियो बनाउन र सुशासनमा सुधार गर्न सकिन्छ ।

नातावाद र कृपावादमा अल्झिएको हाम्रा प्रशासन र कर्मचारीतन्त्रलाई सुधार गर्न आवश्यकता त छ नै, यसले जनतालाई दिने सेवा-सुविधामा न्यायसंगत र दीर्घकालीन पनि बनाउनुपर्छ । कुनै हाकिम र कर्मचारीको पहुँचमा पुगेको वर्ग र सामान्य नागरिकलाई समानरुपले व्यवहार गर्नुपर्ने देखिन्छ । प्रक्रिया पुगेको फाइललाई पनि प्रशासनको कोठा-कोठामा पुऱ्याउनुपर्ने बहना देखाउनु नै आजको हाम्रो कर्मचारीतन्त्रको लाजमर्दो यथार्थ हो ।

अन्तर्राष्ट्रिय अभ्यासलाई नियाल्ने हो भने सिंगापुर र इस्टोनियाजस्ता देशहरू उनीहरूको कुशल र पारदर्शी सार्वजनिक प्रशासनका लागि प्रशिद्ध छन् । उदाहरणका लागि, सिंगापुरले सक्षम र उत्प्रेरित निजामती सेवा सुनिश्चित गर्न योग्यतामा आधारित भर्ती, प्रतिस्पर्धी तलब र कार्यसम्पादनमा आधारित पदोन्नतिहरू लागू गरेको छ । अर्कोतर्फ, ई-गभर्नेन्स समाधानहरू लागू गरेर डिजिटल आविष्कारलाई अँगालेको छ, जसले प्रशासनिक प्रक्रियाहरूलाई सुव्यवस्थित बनाउँछ, कर्मचारीतन्त्र घटाउँछ र नागरिक संलग्नता बढाउँछ ।

यी अन्तर्राष्ट्रिय अभ्यासहरूलाई हाम्रो कर्मचारीतन्त्र प्रणालीमा समावेश गरेर, नेपालले आफ्नो निजामती सेवामा व्यावसायिकता, निष्ठा र दक्षताको संस्कृतिलाई विकास गर्न सक्छ । पारदर्शिता र जवाफदेहिता संयन्त्रहरू, जस्तै- सम्पत्ति घोषणा, स्वार्थको द्वन्द्व नीतिहरू, भ्रष्टाचार विरुद्ध लड्न र सबै नागरिकको हितको लागि सार्वजनिक स्रोतको प्रभावकारी उपयोग सुनिश्चित गर्न मद्दत गर्न सक्छ ।

यसबाहेक, क्षमता निर्माण, तालिम कार्यक्रमहरू र कार्यसम्पादन मूल्याङ्कनमा लगानी गर्दा निजामती कर्मचारीहरूको सीप र दक्षता अभिवृद्धि गर्न सकिन्छ अनि उनीहरूलाई द्रुतरूपमा परिवर्तन भइरहेको समाजको विकसित आवश्यकताहरू पूरा गर्न सक्षम बनाउँछ ।

*(साभार: न्यूज अफ नेपाल)*

# बालबालिकालाई कस्तो शिक्षा ?

श्री प्रसाद देवकोटा, बाबुराम श्रेष्ठ

आफ्ना छोराछोरी असल र राम्रा बनून् भन्ने चाहना सबैको हुन्छ । यद्यपि, बाल्यावस्थाको चाहना, आवश्यकता, दिनुपर्ने समय र संस्कार प्रति भने अभिभावकलाई पर्याप्त ज्ञान नहुन सक्छ । परिवारको माया, समय र संरक्षणको अभावमा बालबालिका कुलतमा फस्नुका साथै विभिन्न अपराधमा संलग्न भएका घटना बढ्दै गएका छन् । बाल्यकाल अत्यन्त संवेदनशील अवस्था हो । सही र गलत छुट्याउन नसक्ने यो उमेरमा अभिभावक र परिवारबाट समय, माया, साथ र संस्कार नपाउँदा बालबालिकामा नकारात्मक मनोविज्ञान हावी हुन्छ र आपराधिक गतिविधि वा कुलतको बाटोतर्फ उन्मुख गराउँछ । विभिन्न अध्ययनले अभिभावकबाट कम समय पाएका तथा पारिवारिक विखण्डन र प्रविधिको विकासक्रमले एक्लै रमाउने स्वभावमा हुर्किरहेका बालबालिका अपराध र कुलतमा फसेको देखाएका छन् ।

यसर्थ, परिवारको माया, साथ, समय र संस्कारले बालबालिकाको भविष्य निर्धारण गर्छ । आफू हुर्किएको संस्कारले समेत बालबालिका आपराधिक गतिविधमा संलग्न हुने कुरा निर्धारण गर्छ । प्रविधिले गाँजिरहेको विद्यमान अवस्था र एक्लोपनमा हुर्किरहे'का बालबालिकाका लागि अभिभावक र परिवारले के-कस्ता शिक्षा र वातावरण प्रदान गरी आफ्नो उत्तरदायित्व वा जिम्मेवारी निभाउन सक्छन् भन्ने विषयमा यस लेखमा विश्लेषण गर्ने जमर्को गरिएको छ ।

१. सहनशिलता सम्बन्धी ज्ञान: एकल सन्तानको रूपमा बच्चाको भरणपोषण हुँदा उसलाई अभिभावक्ले अत्यधिक ध्यान र महत्व दिएका हुन्छन् । स्वाभाविक रूपमा यसबाट बच्चामा आत्मरतिक प्रवृत्तिको विकास हुनसक्ने अत्यधिक सम्भावना रहन्छ ।

अविभावकले कहिल्यै पनि गाली नगर्ने र उसले जे भन्यो त्यही पूरा गर्ने कारणले उसमा सहनशिलता कमी हुँदै जान्छ । सधैंभरि आमाबाबुले बच्चालाई साथमा त राख्न सक्दैन । जब बच्चा आराम क्षेत्र (कम्फर्ट जोन) बाट बाहिर जानुपर्ने हुन्छ, उसले भने जस्तो वातावरण उपलब्ध हुन सक्दैन, त्यहाँ उसलाई अवश्य दु:ख हुन्छ । अरुको गाली खानुपर्ने हुन्छ । यस्तो अवस्था उसले कदापि सहन गर्न सक्दैन र अप्रिय कदम चाल्छ । प्रचलित उक्ति नै छ- आमाबाबुको गाली/थप्पड नपरेको सन्तान, गुरुको गाली/थप्पड नपरेको शिष्य र घनको चोट नपरेको सुन गहना बन्दैन ।

तसर्थ, भविष्यमा जस्तोसुकै असहज परिस्थितिको सामना सहन गर्नसक्ने योग्य व्यक्ति बनाउन बालबालिकालाई सानैदेखि सहनशील बनाउन जरुरी छ ।

२. आदर र माया: अभिभावक र परिवारको अत्यधिक माया प्रदर्शनको कारणले गर्दा कलिला बच्चाको बाल मस्तिष्कमा म नै सबैथोक हुँ भन्ने मनोविज्ञान हावी भएको देखिन्छ । यसबाट थाहा नपाउने किसिमले कलिला बच्चामा एकलकाटे स्वभाव र अरुलाई उपेक्षा गर्ने प्रवृत्ति विकाश हुँदै जान्छ । बालबालिकामा ठूलाबडालाई आदर गर्ने तथा सानालाई माया गर्ने मानवीय गुणमा ह्रास हुँदै गएको पाइन्छ । अविभावक र परिवारका सदस्यहरूलाई हेला गर्ने, वास्ता नगर्ने, आफ्ना आमाबाबुलाई वृद्धाश्रममा राख्ने, विदेश जाने अनि उतै बस्ने र आमाबाबुको मृत्यु पर्यन्त मात्र काजकिरियाको लागि आउने जस्ता अनगिन्ती दृष्टान्त यसका प्रतिफल हुन् । यसर्थ, आफूभन्दा ठूलालाई आदर गर्ने र सानालाई माया गर्न सिकाउने गुणको व्यावहारिक सिकाइ सिकाइ हुनु आवश्यक छ ।

३. धैर्यता र एकाग्रता हुन सिकाउने: बालबालिकामा तत्काल परिणाम चाहिने प्रवृत्ति हावी हुँदै गएको पाइन्छ । केही पाउनको लागि अवश्य पनि केही समय त कुर्नुपर्छ । तर प्रविधि एवं पारिवारिक वातावरणले कलिला बालबालिका एकाग्र हुन सकेका छैनन् । कुनै चिज पाउन केही समय धैर्यता गर्नुपर्ने अवस्था आएमा अहिलेका बच्चाहरू बेचैन हुने र उग्र रूप देखाउने गरेको पाइन्छ । यसैकारण परिवारभित्र नै जघन्य अपराधका घटनासमेत हुनसक्छ । अविभावकले यस विषयमा संवेदनशील भएर शिक्षा दिनुपर्ने देखिन्छ ।

४. अग्रज पुस्तासँग समय बिताउन दिने: आमाबाबुले पर्याप्त समय दिन नसके पनि चाहेको खण्डमा अग्रज पुस्ता (हजुरबुवा-हजुरआमा)ले समय दिनसक्ने अवस्था हुन्छ । अग्रज पुस्ताबाट बालबालिकाले इतिहास, सामाजिक सद्भाव, कला, भाषा, संस्कृति, नैतिक शिक्षा, धर्म इत्यादि कुरा सिक्न सक्छन् । संस्कार र सस्कृति पुस्तान्तरण पनि अग्रज पुस्ताबाटै हुने हो । तसर्थ, बालबालिकालाई अग्रजसँग समय बिताउन दिनु प्रभावकारी हुनेछ ।

५. व्यावहारिक तथा व्यावसायिक विषयको ज्ञान दिने: अधिकांश अविभावकले आफ्ना बच्चालाई किताबी ज्ञान दिनेमा मात्र जोड गरेको देखिन्छ । घरमा गर्नुपर्ने साधारण काम जस्तै: खाना पकाउने, भाँडा माझ्ने, सरसफाइ गर्ने तथा लुगा धुने जस्ता घरायसी कामसमेत सिकाउने गरेको पाईंदैन ।

बच्चा घरमा पूर्णत: अभिभावक र विद्यालयमा शिक्षकको सहयोग र नियन्त्रणमा रहन्छन् । हामीले बालबालिकालाई आत्मनिर्भर नबनाई परनिर्भरतामा बाँच्ने वातावरण सिर्जना गरेका छौ ।अधिकांश बच्चामा व्यावहरिक र व्यावसायिक ज्ञानको कमी रहेको आजको यथार्थ हो ।

६. समूहमा काम गर्ने बानीको विकास: जापानी नागरिक अन्य मुलुकका नागरिकभन्दा व्यक्तिगत क्षमतामा तुलनात्मक रूपमा कम रहेको तर समूहगत कार्यमा अत्यधिक क्षमतावान र प्रभावशाली भएको विभिन्न अनुसन्धानले पुष्टि गरेका छन् । तर, हाम्रा बालबालिका परिवारको एक्लो सन्तान र एकलकाटे प्रवृत्तिले फरक वातावरण र पात्र/समूहसँग घुलमिल हुने, खेल्न र काम गर्नसक्ने स्वभाव र गुणको कमी रहेको पाइन्छ । यसको लागि घर-परिवार तथा विद्यालय दुवैमा सामूहिक रूपमा कार्य गर्ने गुणको विकास गर्ने क्रियाकलाप सञ्चालन गर्न अति आवश्यक छ ।

७. अंग्रेजीसँगै नेपाली भाषाको समेत ज्ञान दिने: अहिलेको समयमा अंग्रेजी विषय अत्यधिक माग भएको र आवश्यक विषय हो । ज्ञान, सिप र दक्षता देखाउन अंग्रेजी शिक्षाको विकल्प छैन ।यद्यपि, नेपाली शिक्षा भनेको हाम्रो सान एवं पहिचान हो । तर अभिभावक, परिवार र समाजले नेपाली विषयलाई प्राथमिकतामा राखेको पाइँदैन । बालबालिकालाई घरपरिवार र विद्यालयमा जबरजस्ती अंग्रेजी माध्यममा मात्र बोल्न/लेख्न लगाइन्छ । यसबाट बालबालिकाले नेपाली वाक्यहरू राम्ररी उच्चारण समेत गर्न नसक्ने अवस्था सिर्जना भएको छ । परीक्षाको नतिजा हेर्ने हो भने पनि आजका बालबालिका अरु विषयमा भन्दा नेपाली विषयमा कमजोर देखिन्छ ।

अंग्रेजी शिक्षामा मात्र पठनपाठन र बोल्न/लेख्न बाध्य गराउँदा हामीले विदेशको लागि जनशक्ति उत्पादन गर्न भूमिका खेलिरहेका छौं । परिवार, विद्यालय र समाजले तयार गरेको वातावरणले नै प्लस टू अर्थात् उच्च माध्यमिक शिक्षापश्चात् अधिकांश विद्यार्थी विदेश गएर पढ्ने र स्थायी रूपमा उतै बस्ने वातावरण सिर्जना गरेको छ । यसबाट दक्ष युवा जनशक्तिको उत्पादन एवं आर्थिक र सामाजिक पक्षमा नेपाललाई अपूरणीय क्षति पुगेको छ । नेपालकै लागि दक्ष जनशक्ति उत्पादन गर्ने हो भने र नेपालको पहिचानलाई कायम राखिरहने हो भने बालबालिकालाई नेपाली शिक्षाको ज्ञान दिनु जरुरी छ ।

८. समयको महत्व सिकाउने: सुरक्षा फौजमा बाहेक अधिकांश राजनीतिक, पारिवारिक, सामाजिक तथा संघ-संस्थाका कार्यक्रमहरु कहिल्यै पनि समयमा सुरु हुँदैनन् । विभिन्न बहानामा समय धकेलेर कार्यक्रम गरिन्छ ।अरुको समयभन्दा पनि आफ्नो बाध्यतालाई ठूलो देखाउने प्रचलन हावी छ । यसले कार्य सम्पादन र समयलाई महत्व दिएको देखिँदैन यस किसिमको प्रवृत्ति बालबालिकामा पुस्तान्तरण हुँदा भोलिको अवस्था कस्तो होला ? अहिलेका बालबालिका भविष्यका कर्णधार हुन् । त्यसैले उनीहरूमा समयको महत्व अहिले नै बुझाउन जरुरी छ ।

९. ट्राफिकसम्बन्धी ज्ञान: प्रविधिको विकास, आवश्यकता र जनताको क्रयशक्तिमा भएको बढोत्तरीले गर्दा यातायातका साधनको प्रयोग दिनानुदिन बढ्दै गएको छ । ट्राफिक ज्ञानको अभावमा पैदलयात्री तथा सवारी चालकको लापरबाहीले दिनहुँ जिउधनको क्षति बढ्दो छ । स्कुले बालबालिकाले पनि सडक दुर्घटनामा ज्यान गुमाइराखेका छन् । जिउधनको क्षतिको कारण परिवार र राज्य दुवैले आर्थिक, सामाजिक, जनशक्ति उत्पादन जस्ता क्षेत्रमा क्षति बेहोर्नु परेको छ । यसर्थ, असल र सचेत नागरिक निर्माण गर्नको लागि ट्राफिक शिक्षाको ज्ञान दिनु जरुरी छ ।

१०. मानवता, सेवा-भावसम्बन्धी ज्ञान: समाजमा मानवता हराउँदै गएको छ । दीनदु:खी, घाइते तथा अपाङ्ग नागरिकप्रति सहानुभूतिको भाव कमी छ । सडक दुर्घटना या प्राकृतिक प्रकोपका दुर्घटनाका घाइतेको उपचारमा तत्परताभन्दा पनि सामाजिक सञ्जालमा लाइभ गर्ने होडबाजीले मानवताको खिल्ली उडाउँदैछ

तत्काल सहयोगको आवश्यकता परेको दु:ख/पीडामा रहेका मानिसलाई सहयोगको साटो सामाजिक सञ्जालमा भाइरल हुने आत्मरतिमा रहने हामीले कस्तो समाजको निर्माण गर्दैछौं ? हामीले हरेक कुरा स्वार्थ र पैसामा तुलना गर्न थालेका छौं । घर तथा विद्यालयबाट बालबालिकाको कलिलो मस्तिष्कमा मानवता र सेवाभाव जस्ता गुणको विकास गर्न नसकिएमा समाज कल्पनाभन्दा बाहिरको हुनेछ ।

११. कला, संस्कृतिसम्बन्धी ज्ञान: नेपाल विविधतामा एकता भएको मुलुक हो । पराप्पूर्वकालदेखि नै सहिष्णु समाजको रूपमा नेपाल परिचित छ । नेपाल विविध भेषभूषा, भाषा, धर्म, कला, संस्कृतिको संगम हो । यद्यपि, अहिलेको विश्वव्यापीकरण, धर्म परिवर्तन, अंग्रेजी शिक्षाको बिगबिगी र युवा पुस्तामा देखिएको विचलनले देशको गहना र पहिचानको रूपमा रहेको कला, संस्कृतिको प्रवर्धन र सम्वर्धनमा ह्रास आइरहेको छ । तसर्थ, नेपालको नरम शक्ति (सफ्ट पावर) को रूपमा रहेका यी विषयहरूको ज्ञान बालबालिकालाई दिन सकिएमा नेपालको मान, सान र पहिचान कालान्तरसम्म कायम रहिरहने छ ।

१२. शारीरिक र खेलकुद शिक्षा: शारीरिक रूपमा तन्दुरुस्त भएमा मात्र कुनै पनि व्यक्ति मानसिक रूपमा पूर्ण तन्दुरुस्त हुनसक्छ । स्वस्थ जीवनको लागि आवश्यक पर्ने शारीरिक शिक्षाको जग खेलकुद हो । खेलकुदले व्यक्तिविशेषको मात्र पहिचान होइन, देशको समेत प्रतिष्ठा बढाउँछ । अहिलेका बालबालिकामा खेलकुदप्रति रुचि देखिँदैन । शारीरिक परिश्रम नपर्ने पढाइ युवा पुस्ताको प्राथमिकतामा पर्छ । सानै उमेरका बालबालिका मोटोपन, मधुमेह तथा रक्तचापका बिरामी बनेका उदाहरण प्रशस्त देख्न पाइन्छन् । यस विषयमा शिक्षक तथा अविभावकले विशेष ध्यान दिनु जरुरी छ ।

१३. राष्ट्रिय एकता र राष्ट्रप्रेमसम्बन्धी ज्ञान: अहिलेका युवा पुस्तामा राष्ट्रप्रेम र मुलुकप्रतिको चाह घट्दो छ । मुलुकको राजनितिक अस्थिरता, आर्थिक मन्दी, बढ्दो भष्ट्राचार र तस्करीको राजनीतिक संरक्षण यसका प्रमुख कारण हुन् । यसैकारण युवा पुस्ता विदेश पलायन भई उतै आफ्नो भविष्य सुनिश्चित गर्न चाहन्छन् । आफ्नो देशको नागरिकता त्याग्नु युवाहरूको लागि सामान्य भइसकेको छ ।

*(साभार: अनलाइनखबर)*

# शिक्षकको १ महिने आन्दोलन : सेवा सुविधा हाताहाती, ऐन उधारो

काठमाडौं/सरकारसँग ९ बुँदे सहमति भएसँगै २९ दिनदेखि जारी शिक्षकको काठमाडौंकेन्द्रित आन्दोलन टुंगिएको छ । बिहीबार सार्वजनिक बिदा भएकाले शुक्रबार बाट शिक्षकहरू विद्यालय फर्किने छन् ।

विद्यालय शिक्षा ऐन नलिई नफर्किने बाचा गरेका शिक्षकहरूको हातमा तत्कालै ऐन त परेन, तर हात खाली पनि फर्किनु परेन । विद्यालय शिक्षा ऐन तत्कालै हात नपरे पनि शिक्षकहरू सेवा-सुविधा हातहाती लिएर फर्किने भएका छन् ।

'यसअघिका सम्झौता उधारो थियो । यसपटक नगदै भयो,' सहमतिका बुँदा सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तले भने । सरकारसँग भएको नौबुँदे सहमति मन्त्रिपरिषद्बाट निर्णय गराएर मात्र शिक्षक महासंघले शैक्षिक हड्ताल स्थगित गऱ्यो ।

त्यो सहमतिमा शिक्षकहरूले उठाउँदै आएका मुख्य माग विद्यालय शिक्षा ऐन समावेश छैन । आफ्नो मुख्य मागमा भने शिक्षकहरूले उधारोमा सहमति गरेका छन् ।

यद्यपि, शिक्षकहरूले प्रतिनिधिसभाको शिक्षा समितिका सभापति तथा सत्तारुढ दल एमाले र कांग्रेसका प्रमुख सचेतकबाट आगामी १५ असारभित्र ऐन जारी गरिसक्ने प्रतिबद्धता लिखितै लिएका छन् ।

'५३ वर्ष पुरानो ऐन राज्यले टालटुल गरेर चलाएको थियो । अब नयाँ ऐन आउने सुनिश्चतता भएको छ । नयाँ विद्यालय शिक्षा ऐन २०८२ जारी गर्न आगामी १५ असारसम्मको सयम तोकिएको छ । अलिकति भाका राख्नु पऱ्यो । ऐन ल्याउने प्रक्रियामा समय लाग्ने भएर हो,' महासंघ सहअध्यक्ष नानुमाया पराजुलीले भनिन् ।



संविधान जारी भएको ९ वर्ष हुँदा पनि संघीय शिक्षा ऐन आउन सकेको छैन । यसपटक १ महिना चलेको आन्दोलनको मुख्य उपलब्धि ऐन जारी हुने सुनिश्चतता भएको महासंघको निष्कर्ष छ । 'संविधान बनेको यतिका समय हुँदा पनि ऐन बनेको थिएन । अब ऐन आउने भयो । यो ठूलो उपलब्धि हो,' पराजुलीले भनिन् ।

महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदी पनि एक महिने आन्दोलनको मुख्य उद्देश्य ऐन नै भएको बताउँछन् । उनी पनि यसपटकको आन्दोलनलाई उपलब्धि ठान्छन् । 'काठमाडौंकेन्द्रित आन्दोलनको एक मात्र लक्ष्य शिक्षा ऐन जारी गर्ने उद्देश्य थियो । त्यसैले यो नै ठूलो उपलब्धि हो,' अध्यक्ष सुवेदीले भने ।

यसअघि २०७५, २०७८ र २०८० मा पनि शिक्षक महासंघको ब्यानरमा शिक्षकहरू आन्दोलित भएका थिए । त्यसबेलाका सरकार र महासंघबीच सम्झौताहरू भएका थिए । तर कार्यान्वयन भएनन् । त्यसैले यसपटकको सहमति महासंघले मन्त्रिपरिषद्बाट नै पारित गराउन अन्तिमसम्म बल गरिरह्यो र सफल पनि भयो । यसलाई शिक्षकहरूले हाताहाती उपलब्धि मानेका हुन् ।

मन्त्रिपरिषद्ले शिक्षक-कर्मचारीलाई उपचारमा सहुलियत उपलब्ध गराउने निर्णय गरेको छ । सरकारले अस्थायी प्रकृतिका शिक्षक (राहत, अस्थायी/करार साविक उमावि, सिकाइ अनुदान, प्राविधिक धार, विशेष शिक्षा र बालविकास सहजकर्ता) को बिरामी विदा सञ्चित हुने र सो बापतको रकम सेवाबाट अलग हुँदाका बखत एकमुष्ट रूपमा प्रदान गर्ने भएको छ ।

प्रारम्भिक बालविकास सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिकका सम्बन्धमा नेपाल सरकारबाट तोकिए बमोजिम व्यवस्था गर्ने सहमति भएको छ । आगामी आर्थिक वर्ष २०८२/०८३ बाट स्थायी शिक्षकमध्ये प्राथमिक तृतीय, प्राथमिक द्वितीय, निम्न माध्यमिक तृतीय र माध्यमिक प्रथम श्रेणीका शिक्षकका लागि निजामती सरह ग्रेड संख्या र रकम कायम गर्ने निर्णय भएको छ ।

स्थायी तथा अस्थायी प्रकृतिका कोटा (राहत, अस्थायी/करार साविक उमावि, प्राविधिक धार र विशेष शिक्षा) का सबै शिक्षकले प्रचलित कानुनबमोजिम दुर्गम भत्ता पाउने व्यवस्था गरिएको छ ।

यस्तै, सामुदायिक विद्यालयमा कार्यरत निजी स्रोतका शिक्षक तथा कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न नियमावलीमा व्यवस्था गर्ने भनिएको छ । सरकारको मर्यादाक्रमको सूचीमा शिक्षकहरूलाई समावेश गर्ने निर्णय सरकारले गरेको छ ।

नेपाल शिक्षक महासंघको आन्दोलनका क्रममा घाइते भएका सम्पूर्ण शिक्षक, सुरक्षाकर्मी, पत्रकार तथा कर्मचारीहरूको सरकारी अस्पतालमा निःशुल्क उपचारको व्यवस्था सहमति भएको छ । निम्न माध्यमिक तह प्रथम श्रेणीका शिक्षकको तलब तथा ग्रेड माध्यमिक द्वितीय श्रेणीका शिक्षकसरह हुने गरी कायम गर्ने निर्णय सरकारले गरेको छ ।

अब यी निर्णय कार्यान्वयन गर्ने प्रतिबद्धता सरकारले गरेको छ । सहमतिपछि गृहमन्त्री रमेश लेखक र शिक्षामन्त्री राघुजी पन्तले सहमति कार्यान्वयन गर्ने प्रतिबद्धता जनाए । गहमन्त्री लेखकले १५ असारअघि नै ऐन जारी गर्ने दाबी गरे । 'प्रतिनिधिसभाको ग्यारेन्टी लिएका छौं । हामी विश्वास दिलाउँछौं । १५ अघि नै ल्याउँछौं,' लेखक र पन्तले भने ।

प्रतिनिधिसभाको सम्बन्धित समिति र दुई प्रमुख सत्तारुढ दलका प्रमुख सचेतकले नै लिखित प्रतिबद्धता गरेपछि शिक्षक महासंघ ऐन जारी हुनेमा विश्वस्त देखिएको छ । तर, समय सीमा भित्र ऐन जारी नभए अहिलेको भन्दा कडा आन्दोलन गर्ने चेतावनीसमेत महासंघले दिएको छ ।

'ऐन जारी नभए अहिलेको भन्दा कडा आन्दोलन गर्छौं,' पत्रकार सम्मेलनमै महासंघका अध्यक्ष सुवेदीले भने । योसँगै शिक्षक महासंघले शैक्षिक हड्ताल स्थगित गरेको छ ।

'आम शैक्षिक हड्ताल स्थगित भएको छ । सबै शिक्षकहरूलाई नियमित कक्षा सञ्चालन गराउन अनुरोध छ,' उनले भने । परीक्षा र भर्ना अभियानमा संलग्न हुन उनले शिक्षक कर्मचारीलाई निर्देशन दिए । देशभरका शिक्षक २० चैतदेखि काठमाडौंमा थिए ।


(स्रोत: अनलाइनखबर)

# अर्थतन्त्र ४.६१ प्रतिशतले बिस्तार, अर्थतन्त्रका सबै क्षेत्र धनात्मक

काठमाडौं/चालु आर्थिक वर्ष २०८१/८२ मा अर्थतन्त्र ४.६१ प्रतिशतले बिस्तार हुने अनुमान राष्ट्रिय तथ्यांक कार्यालयले गरेको छ । चालु आर्थिक वर्षको ६ देखि ९ महिना (चैत मसान्त) सम्मका वास्तविक तथ्यांक र बाँकी अवधिमा पनि अर्थतन्त्र यस्तै रफ्तारमा जाने अनुमानसहित यस आवको वार्षिक राष्ट्रिय लेखा तथ्यांक सम्बन्धी अनुमान सार्वजनिक गरिएको कार्यालयका निर्देशक ऋषिराम सिग्देलले जानकारी दिए ।

उनका अनुसार यस वर्ष अर्थतन्त्रका सबै क्षेत्र धनात्मक अवस्थामा रहेको देखिएको छ । यसले अर्थतन्त्र बिस्तारको संकेत गरेको प्रमुख तथ्यांक अधिकारी मधुसुदन बुर्लाकोटी बताउँछन् ।

उनका अनुसार यस बीचमा अर्थतन्त्रमा थप झट्का नआउने अपेक्षासहित यस्तो अनुमान गरिएको छ । त्यस्तो भएको अवस्थामा भने आगामी अनुमानमा यसको यथार्थ विवरण आउने उनको भनाइ छ ।




### कोभिडले थलिएको अर्थतन्त्र मन्दीमा, मन्दीबाट उठ्ने जमर्को

आर्थिक वर्ष २०७६/७७ मा अर्थतन्त्र २.३७ प्रतिशत (उपभोक्ताको मूल्यमा) ले ऋणात्मक रहन पुग्यो । त्यसबाट उठ्ने प्रयासका बीच आव २०७७/७८ मा ४.८४ र २०७८/७९ मा ५.६३ प्रतिशतले बिस्तार भयो । त्यसपछि मुलुक आर्थिक मन्दीको चक्रमा फस्न पुग्यो । जसले गर्दा कोभिड महामारीबाट पुनरुत्थान हुँदै अर्थतन्त्र बिस्तार गर्ने प्रयास सफल हुन सकेन ।

आव २०७९/८० मा अर्थतन्त्र १.९८ प्रतिशतले मात्र बिस्तार भएको थियो । त्यसपछिका दुई आवमा भने आर्थिक वृद्धि क्रमशः सुधारोन्मुख देखिन्छ । कार्यालयका अनुसार आव २०८०/८१ मा ३.६७ प्रतिशतले आर्थिक वृद्धि भएको संशोधित अनुमान छ ।

चालु आवमा भने ४.६१ प्रतिशतले अर्थतन्त्र बिस्तार हुने अनुमान गरिएको छ । आधारभूत मूल्यमा भने यस वर्ष ३.९९ प्रतिशतले मात्र आर्थिक वृद्धिदर हुनेछ । कार्यालयका निर्देशक सिग्देलका अनुसार आधारभूत मूल्य र उपभोक्ताको मूल्यमा जीडीपी गणनाको विधि केही फरक हुन्छ ।

### कृषि क्षेत्र स्थिर, गैरकृषिको उतार-चढावको असर अर्थतन्त्रमा

बृहत् औद्योगिक समूहअनुसार हेर्दा नेपालमा कृषि क्षेत्र तुलनात्मक रूपमा स्थिर रहेको देखिन्छ । गैरकृषि क्षेत्रमा हुने उतार चढावले समग्र अर्थतन्त्रको वृद्धिदरमा असर पारिरहेको देखिएको छ । कार्यालयका अनुसार पछिल्लो तीन वर्ष (आव २०८१/८२, आव २०८०/८१ र २०७९/८०)मा कृषि क्षेत्रको वृद्धिदर क्रमशः ३.२८, ३.३५ र ३.०२ प्रतिशत रहेको देखिन्छ ।

यी तीन आवमा गैरकृषि क्षेत्रको वृद्धिदर भने क्रमशः ४.२८, ३.३६ र १.९८ प्रतिशत रहेको देखिन्छ । जसले गर्दा समग्र अर्थतन्त्रको वृद्धिदरलाई गैरकृषि क्षेत्रको उतारचढावले असर पारेको देखिएको छ । औद्योगिक क्षेत्रलाई प्राथमिक, द्वितीय र सेवा क्षेत्रका रूपमा हेर्दा प्राथमिक (कृषि तथा वन) तुलनात्मक रूपमा स्थिर देखिन्छ ।

द्वितीय क्षेत्र र सेवा क्षेत्रको उतारचढावले अर्थतन्त्रमा बढी असर पारेको देखिएको छ । चालु आवमा प्राथमिक क्षेत्रको वृद्धिदर ३.२५, द्वितीयको ४.६५ र सेवा क्षेत्रको वृद्धिदर ४.६५ प्रतिशत र हने अनुमान छ । गत आवमा यी तीन क्षेत्रको वृद्धिदर क्रमशः ३.३५ प्रतिशत, ०.०३ प्रतिशत र ४.३५ प्रतिशत रहेको थियो ।

जीडीपीमा योगदानको हिसाबले हेर्दा प्राथमिक क्षेत्रको हिस्सा घट्दो क्रममा छ । द्वितीयक क्षेत्रको स्थिर र सेवा क्षेत्रको योगदान क्रमशः बढ्दो क्रममा रहेको देखिएको छ । आव २०७७/७८ मा प्राथमिक क्षेत्रको योगदान २६.४ प्रतिशत हिस्सा रहेकोमा चालु आवमा २५.६ प्रतिशत रहने अनुमान छ । सेवा क्षेत्रको हिस्सा ५ वर्ष अगाडि ६०.४ प्रतिशत रहेकोमा यस वर्ष ६२ प्रतिशत रहने कार्यालयको अनुमान छ ।

### अर्थतन्त्रका १८ वटै क्षेत्र धनात्मक

चालु आर्थिक वर्ष २०८१/८२ मा औद्योगिक वर्गीकरण अनुसार अर्थतन्त्रका सबै क्षेत्र धनात्मक रहने देखिएको छ । कोभिड महामारीयता कुनै न कुनै क्षेत्र ऋणात्मक रहेका थिए । यस वर्ष सबैभन्दा धेरै वृद्धिदर विद्युत् तथा ग्यासमा १३.८२ प्रतिशत हुने प्रारम्भिक अनुमान छ । यातायात तथा भण्डार ९.४५ प्रतिशतसहित दोस्रो स्थानमा छ । सबैभन्दा कम शिक्षामा १.९८ प्रतिशत र खानी तथा उत्खननको १.९९ प्रतिशतको वृद्धिदर हुने अनुमान गरिएको छ ।

अर्थतन्त्रमा सबैभन्दा बढी योगदान गर्ने कृषि वन तथा मत्स्यको वृद्धिदर अघिल्लो वर्ष ३.३५ प्रतिशत रहेकोमा यस वर्ष ३.२८ प्रतिशतको वृद्धि हुने अनुमान छ । उद्योग क्षेत्र गत वर्ष २.०२ प्रतिशतले ऋणात्मक रहेकोमा यस वर्ष ३.७८ प्रतिशतले वृद्धि हुने अनुमान छ ।

वनस्पति तेल, प्लाइउड, प्लास्टिकको पाइप फिटिङ, पेय पदार्थ, सिमेन्ट, साबुनजस्ता वस्तुको उत्पादन बढ्दा उद्योग क्षेत्र बिस्तार हुने अनुमान गरिएको छ । निर्माण सामग्रीको आयात बढ्दा समेत यस क्षेत्रमा सकारात्मक प्रभाव देखिएको छ । निर्माण क्षेत्र अघिल्लो वर्ष २.२० प्रतिशतले ऋणात्मक थियो । यस वर्ष २.२१ प्रतिशतले बिस्तार हुने देखिएको छ ।

निर्माण सामग्रीको आयात र निर्माणजन्य औद्योगिक वस्तुको उत्पादनमा भएको वृद्धिले यस क्षेत्रमा सकारात्मक प्रभाव देखिएको हो । घरजग्गा कारोबार सेवा गत वर्ष २.४३ प्रतिशतले बिस्तार भएकोमा यस वर्ष पनि २.७२ प्रतिशतले मात्र वृद्धि हुने अनुमान छ ।

### प्रतिव्यक्ति आय १५१७ डलर, अर्थतन्त्रको आकार ६१ खर्ब ७ अर्ब

यस वर्ष प्रतिव्यक्ति कुल राष्ट्रिय आय १ हजार ५ सय १७ अमेरिकी डलर पुग्ने अनुमान कार्यालयले गरेको छ । गत वर्ष १ हजार ४६७ अमेरिकी डलर प्रतिव्यक्ति आय रहेको संशोधित अनुमान छ । एक वर्षमा प्रतिव्यक्ति आय ५० डलरले बढ्ने अनुमान गरिएको छ ।

चालु आवसम्म नेपालको अर्थतन्त्रको आकार ६१ खर्ब ७ अर्ब रुपैयाँ पुग्ने अनुमान गरिएको छ । यस वर्ष आधारभूत मूल्यको कुल उत्पादन ९२ खर्ब ४६ अर्ब ५५ करोड हुने अनुमान छ । यसमा उपभोक्ताको मूल्यको मध्यवर्ती उपभोग ३८ खर्ब ६६ अर्ब ९६ करोड रुपैयाँ रहने अनुमान गरिएको छ ।

पछिल्लो ५ वर्षको प्रतिव्यक्ति आय
आव २०७७/७८ : १,२८४ डलर
आव २०७८/७९ : १,४१९ डलर
आव २०७९/८० : १,४१० डलर
आव २०८०/८१ : १,४६७ डलर (संशोधित)
आव २०८१/८१ : १,५१७ (अनुमानित)

(स्रोत: अनलाइनखबर)

# 'बलिदान'को प्रि-टिजरमा विराज भट्टको न्यारेसन, समीरको एक्सन




काठमाडौं/आगामी दशैंको फूलपाती (सेप्टेम्बर २९)बाट प्रदर्शनमा आउन लागेको फिल्म 'बलिदान'को प्रि-टिजर सार्वजनिक गरिएको छ । बुधबार फिल्मका मुख्य अभिनेता समीर भट्टको जन्मदिनको अवसरमा सार्वजनिक ४२ सेकेण्ड लामो टिजरमा उनी मात्र चित्रित छन् । उनको एक्सन दृश्य समेटिएको टिजरमा अभिनेता विराज भट्टको देशभक्तिपूर्ण भावनाले भरिएको न्यारेशन सुन्न सकिन्छ ।

टिजरको सुरुवातको दृश्यले फिल्ममा समीर कुनै समुदायको शक्तिशाली पात्रको रुपमा रहेको संकेत गर्छ । रिसाहा भावमा प्रस्तुत भएका उनको टिजरमा एउटा डाइलग पनि छ, 'आमाको पीर, यो देशको शिर कहिल्यै झुक्न नदिने सपूत हुँ म ।' टिजरको अन्तिममा उनको आक्रोशपूर्ण चिच्याहटले दृश्यलाई अझ प्रभावशाली बनाएको छ ।

फिल्मका निर्देशक सन्तोष सेनले समीरलाई युगपुरुषको संज्ञा दिएका छन् । उनले फेसबुकमा लेखेका छन्, 'नेपाली फिल्म जगतमा समीरको प्रवेशले एक नयाँ युगको थालनी गर्नेछ । त्यसैले हामी उनलाई युगपुरुष भन्दै आएका छौं । समीरमा कलाकारिकता र अभिनयका सबै गुण र सीपले भरिएका छ । 'बलिदान'ले ती सबै गुण र सीपलाई उजागर गरेको छ ।'

फिल्ममा समीर भट्टसँगै सौगात मल्ल, अर्पण थापा, ऋचा शर्मा, सन्तोष सेन, कविता राय, हेमन्त बुढाथोकी, प्रेम पुरी लगायतको अभिनय रहेको छ । यसमा ऋचाले समीरकी आमाको भूमिकामा अभिनय गरेकी छन् । 'प्रेमगीत' निर्माण कम्पनी 'आसुसेन फिल्म्स्रु'को प्रस्तुति रहेको 'बलिदान'का निर्माता पवन ब्राडफोर्ड बिस्ट हुन् । कलाकार प्रेम पुरी कार्यकारी निर्मातामा रहेका छन् ।

# 'पूर्णबहादुरको सारंगी'का निर्माताले 'चुले निम्तो' बनाउने, निर्देशन दीपकले गर्ने







काठमाडौं/कीर्तिमानी फिल्म 'पूर्णबहादुरको सारंगी'का निर्माताद्वय प्याट्रिक सुवेदी (प्रतिक) र रमेश ढकालले फिल्म 'चुले निम्तो' निर्माण गर्ने भएका छन् । बुधबार अक्षय तृतीयाको अवसरमा थिम पोस्टर सार्वजनिक गर्दै फिल्म निर्माणको घोषणा गरिएको हो । पोस्टरलाई बिहेको निम्तो कार्ड जसरी तयार पारिएको छ । पोस्टरको डिजाइन र शीर्षकले फिल्मको कथा विवाहमा आधारित रहने जनाउँछ ।

विदेशमा नेपाली फिल्म वितरण गर्दै आएको संस्था सेभेन सिज इन्टरनेसनलको ब्यानरमा बन्न लागेको फिल्मलाई दीपक वलीले निर्देशन गर्नेछन् । यो उनको पाँचौं निर्देशकीय फिल्म हुनेछ । यसअघि उनले 'रोल्पा रोग', 'पण्डित बाजेको लौरी', 'कुम्भकरण' र 'कृष्णलीला' निर्देशन गरेका छन् । 'चुले निम्तो'मा 'पूर्णबहादुरको सारंगी'का लेखक महेश दवाडीको स्क्रिप्ट लेखन छ ।

फिल्मको घोषणा गर्दै निर्देशक वलीले सामाजिक सञ्जालमा लेखेका छन्, 'कथाहरु माटोमा फुल्छन्, माटोमै फल्छन् अनि माटोमा नै फुलेका-फलेका कथाहरु हामी माटो नबिर्सिएकाहरुलाई बेस्सरी मगमग बसाउँछ । 'चुले निम्तो' एउटा यस्तै माटोको कथा हो । जसले हाम्रै कथा भन्छ, हाम्रै शैलीमा भन्छ, बेस्सरी पेट मिचिमिची खित्का छोड्दै हँसाउँदै भन्छ ।'

फिल्मको छायांकन आगामी तिहारपछि सुरु गरिने निर्देशक वलीले जानकारी दिए । २ करोड बजेट अनुमान गरिएको फिल्मलाई गोरखा, रोल्पा, पाल्पा र रसुवा जिल्लामा छायांकन गर्ने तयारीमा निर्माण टिम छ । नेपाली समाजमा विवाह वा अन्य कुनै विशेष कार्यमा स-परिवारलाई निमन्त्रणा गर्नुलाई 'चुले निम्तो' भनिन्छ । फिल्मले यही विषयलाई हास्य शैलीमा प्रस्तुत गर्ने जनाइएको छ ।

# प्रवीणलाई लिएर 'शिवांश' बन्ने

काठमाडौं/सन्तोष कुमार आत्रेयको निर्देशनमा फिल्म 'शिवांश' निर्माण हुने भएको छ । अक्षय तृतीयाको अवसर पारेर बुधबार एक पोस्टर सार्वजनिक गर्दै फिल्म निर्माणको घोषणा गरिएको हो । पोस्टरमा 'च्याप्टर एक' उल्लेख गरिएको छ । अर्थात् फिल्मको दोस्रो भाग पनि निर्माण हुनेछ । 'शिवांश'को अर्थ भगवान् शिवको एक अंश भन्ने हुन्छ ।

सार्वजनिक पोस्टरमा फिल्मका मुख्य कलाकार प्रवीण खतिवडा फलामको साङ्लोले बाँधिएको अवस्थामा चित्रित छन् । उनको अनुहारको आधा भाग मात्र देखाइएको छ । पोस्टरमा अर्का एक पुरुष पात्रलाई अग्लो स्थानबाट घना बस्तीतिर हेर्दै गरेको देख्न सकिन्छ । र, उनको अगाडि आगोको चक्र छ । यसले शक्ति संघर्षको कथामा फिल्म आधारित रहेको संकेत गर्छ ।

अञ्जान सिनेमा प्रोडक्सन हाउसको ब्यानरमा निर्माण हुन लागेको फिल्ममा प्रवीणसहित तेज गिरी, रुषा न्यौपाने, विकास जोशी, विमला लिम्बु, प्रदीप कुमार चौधरी, सबिर चुरौटे, उदय सुब्बा, टिका निरौला लगायतको अभिनय रहनेछ । अञ्जान केसी फिल्मका निर्माता हुन् । यसमा उनी स्वयंको कथा छ । सह-निर्माता भने शोभा भण्डारी र अनिस केसी बोगटी हुन् ।

बारत लिम्बूको पटकथा लेखन रहेको फिल्ममा स्क्रिप्ट डक्टर को रूपमा सुलक्षण भारती छन् । यसमा सरद महतोको छायांकन, न्हूयू बज्राचार्य र राजनराज शिवाकोटीको संगीत, मिलन श्रेष्ठको द्वन्द्व निर्देशन तथा विक्रम चोहानको नृत्य निर्देशन रहनेछ । डिसिएनले वितरण गर्ने फिल्मलाई तिहारको छेको पारेर आगामी असोज २४ गते प्रदर्शन गरिने निर्माता केसीले जानकारी दिए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# पक्राउ परेको साँढे ४ घण्टामै रेशम चौधरी थुनामुक्त



साझाकुरा संवाददाता

हेटौंडा, १७ बैशाख/ नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरी पक्राउ परेको साँढे ४ घण्टामै थुनामुक्त भएका छन् ।

सर्वोच्च अदालतबाट अनधिकृतपत्रका आधारमा पक्राउ परेका चौधरीलाई सर्वोच्चले अर्को पत्र पठाएपछि छाडिएको हो । कारागारबाट छुटेका चौधरीलाई लिन उनकी श्रीमती रञ्जिता श्रेष्ठ चौधरी पनि कारागार पुगेकी थिइन्। त्यहाँ पुगेका कार्यकर्ताले उनलाई फूलमाला लगाएर स्वागत गरेका थिए । बुधबार प्रज्ञाभवनमा नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टीबीच एकताका लागि कार्यक्रम सुरु हुन लाग्दा उनी त्यहींबाट दिउँसो १ बजे पक्राउ परेका थिए ।

सर्वोच्चको रिट तथा मुद्दा महाशाखाबाट चौधरीलाई पक्राउ गर्नू भन्ने पत्र पुगेपछि काठमाडौं प्रहरी परिसरले चौधरीलाई पक्राउ गरी बुधबार नै डिल्लीबजार कार्यालयमा बुझाएको थियो । सर्वोच्चको पत्रबारे सर्वोच्च प्रशासन नै अनभिज्ञ थियो । यसले सर्वोच्चमै दिनभरि बबन्डर मच्चाएको थियो । पछि महाशाखामा कार्यरत शाखाअधिकृत महिमानसिंह विष्टले अनधिकृत हस्तक्षर गरी पत्र पठाएको खुलेपछि उनी पक्राउ परेका हुन् । विष्टले अनधिकृत पत्र पठाएको पत्र प्रष्टीकरण दिएको छ । सर्वोच्चका प्रवक्ता अच्युत कुइँकेलले विज्ञप्ति जारी गरी घटनाबारे प्रष्टीकरण दिएका छन् ।

सर्वोच्चका प्रवक्ता अच्युत कुइँकेलले बुधबार अपराह्न विज्ञप्ति जारी गर्दै अनधिकृतरुपमा पत्र लेख्ने अधिकृतलाई कानून बमोजिमको कारबाही प्रक्रिया सुरु भएको जानकारी गराएका छन् । 'यस अदालतको शाखाअधिकृतले च.नं. १९२७७ मिति २०८२/०१/१७ को कारागार कार्यालय डिल्लीबजार काठमाडौंलाई लेखिएको पत्र अनधिकृत रहेकोले उल्लेखित च.नं. र मितिको अनुरोध पत्र कार्यान्वयन नगर्न अनुरोध गर्दै सम्बन्धित निकायमा पत्राचार गरिसकिएको र अनधिकृत रुपमा पत्र लेख्ने अधिकृतलाई कानून बमोजिमको कारबाहीको प्रक्रिया सुरु गरिएको बेहोरा सबैमा जानकारीको लागि अनुरोध छ,' विज्ञप्तिमा भनिएको छ ।

चौधरीलाई पक्राउ गर्न भन्दै डिल्लीबजार कारागारलाई पत्र पठाएका सर्वोच्च अदालतका शाखाअधिकृत महिमानसिंह विष्ट पक्राउ परेका छन् । उनलाई सर्वोच्च अदालत परिसरबाटै प्रहरीले पक्राउ गरेको हो । उनलाई जिल्ला प्रहरी परिसर भद्रकाली लगिएको छ । विष्टको नामबाट जारी भएको पत्र शंकास्पद र कानुनसम्मत नभएपछि विष्टलाई पक्राउ गरिएको हो । सर्वोच्च अदालतका प्रवक्ता अच्युत कुईकेलले सर्वोच्च अदालतकै समन्वयमा विष्ट पक्राउ परेको बताए ।

**घटना के हो ?**

२०७२ साल भदौं ७ गते कैलालीको टीकापुरमा भएको थरुहट आन्दोलनमा आठ सुरक्षाकर्मी र एकजना शिशुको ज्यान गएको घटनामा चौधरी लगायतमाथि ज्यान मुद्दा चलेको थियो । रेशम चौधरीलाई जन्मकैद हुने भनी जिल्ला र उच्च अदालतले गरेको फैसलालाई सर्वोच्च अदालतले २ जेठ २०८० मा सदर गरेको थियो । फैसलाको पूर्णपाठ तयार नहुँदै सरकारले दुई सातापछि नै माफी मुल्तबीको प्रक्रिया अघि बढाएको थियो । राष्ट्रपति रामचन्द्र पौडेलले गणतन्त्र दिवसको अवसरमा १५ जेठ, २०८० मा माफीमिनाहाको निर्णय गरेपछि चौधरी कैदमुक्त भएका थिए । राष्ट्रपतिले गरेको निर्णय अदालतबाट नउल्टिँदासम्म चौधरी कैदमुक्त हुने निर्णयले वैधता पाउँछ, उनी कारागारमा जानुपर्दैन ।

जघन्य हत्याका घटनामा आममाफी र माफीमिनाहा नहुने भनी सर्वोच्च अदालतले विभिन्न मुद्दामा नजीर प्रतिपादन गरेको छ । आफ्ना पति लगायतका व्यक्तिको हत्याराले आममाफी पाउन नहुने भनी शारदा कडायतले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेकी थिइन् । उनले रेशम चौधरीविरुद्ध दायर गरेका दुई रिट निवेदन सर्वोच्च अदालतमा विचाराधीन छन् । रेशम चौधरीलाई आममाफी दिएको निर्णय लगत्तै दायर भएको पहिलो रिट निवेदन १६ जेठ, २०८० मा दर्ता भएको थियो । त्यो मुद्दा सर्वोच्च अदालतमा चलिरहेकै थियो ।

त्यसपछि नेपालगञ्जका चेतन मानन्धरको हत्यामा दोषी ठहर भएका रिगल ढकाललाई सरकारले कैदछुट दिएर थुनामुक्त गऱ्यो । चेतनकी पत्नी भारती मानन्धरले दायर गरेको रिटनिवेदनमा सर्वोच्च अदालतले पीडितको सहमतीविना कैदमाफी हुन नसक्ने नजीर प्रतिपादन गऱ्यो । चेतन विरुद्धको मुद्दा फैसला भएलगत्तै शारदा कडायतले रेशम चौधरीको कैद मिनाहा गर्ने राष्ट्रपतिको निर्णय बदर हुनुपर्ने माग राखी अर्को रिट निवेदन दर्ता गरिन् ।

ती दुवै रिटनिवेदन विचाराधीन भएको अवस्थामा सर्वोच्च अदालतबाट पत्र गएको हो । सर्वोच्च अदालतले शारदा कडायतको माग बमोजिम राष्ट्रपतिको निर्णय बदर गरेमा मात्रै रेशम चौधरी कैद हुने अवस्था थियो । मुद्दा विचाराधीन भएकै अवस्थामा जारी भएको पत्रको वैधतामाथि प्रश्न उठेको हो ।

सन् २०३० सम्म सबै जिल्लामा खानेपानी पुऱ्याउने प्रदेशको लक्ष्य: मन्त्री खड्का

# राक्सीराङमा 'भाटी थुम्कीको लिफ्टिङ प्रणाली'को शुभारम्भ



साझाकुरा संवाददाता

हेटौंडा, १७ बैशाख/ मकवानपुरको राक्सिराङ गाँउपालिकाको वडा नं १, २ र ३ का जनताले खानेपानीको सुविधा प्राप्त गर्ने भएका छन् ।

बुधबार राक्सिराङ-२, भाटीमा 'भाटी थुम्कीको लिफ्टिङ प्रणाली' को शुभारम्भ भएसँगै स्थानीयले खानेपानीको सुविधा प्राप्त गरेका हुन् । भाटी थुम्की स्कीम नं २ खानेपानी योजना उपभोक्ता समितिले आयोजना गरेको कार्यक्रममा बागमती प्रदेश सरकारका खानेपानी, उर्जा तथा सिँचाई मन्त्री श्यामबहादुर खड्काले खानेपानीको धारा खोलेर उद्घाटन गरेका हुन् ।

खानेपानीको उद्घाटन पश्चात् खानेपानी योजना उपभोक्ता समितिका अध्यक्ष रुद्रबहादुर पिठाकोठीको सभाध्यक्षतामा आयोजित एक औपचारिक कार्यक्रममा खानेपानी, उर्जा तथा सिँचाई मन्त्रालयका प्रमुख सचिव मोहनकुमार शाक्य, राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्ल, मन्त्रीका राजनीतिक सल्लाहकार राजेन्द्र श्रेष्ठ, खानेपानी कार्यालयका डिभिजन प्रमुख रविन श्रेष्ठ, राक्सिराङ गाउँपालिका उपाध्यक्ष वनस्तम थिङ, इन्जिनियरद्वय सुस्मिता लामिछाने र अस्विन पौडेल, राक्सिरा- गाँउपालिका वडा नं २ अध्यक्ष बुद्धराम मोक्तानलगायत उपभोक्ताको सहभागिता रहेको थियो ।

कार्यक्रममा मन्त्री खड्काले स्थानीय सरकार जनताको सम्पूर्ण आवश्यकता पूरा गर्न लागिपरेको बताउँदै विकास आवश्यकताका आधारमा प्राथमिकिकरण गर्दै लैजाँदा सहज हुने बताएका छन् । 'खानेपानी जनताको मौलिकअधिकार हो र सन् २०३० सम्म बागमती प्रदेशका सबै जिल्लामा शतप्रतिशत पानी पुऱ्याउने लक्ष्य लिएका छौं', मन्त्री खड्काले भने, 'सरकारले पानी व्यवस्था गरिदिन्छ तर, त्यसको सम्भार जनताले गर्नुपर्छ ।' आफूले पाएको सुविधालाई दिगो बनाउनका निमित्त जनताले पनि हातेमालो गर्नुपर्ने उनको भनाई थियो ।

कार्यक्रममा राक्सिराङ विशेष खानेपानी योजनाअन्तर्गत स्किम नं २ को शुभारम्भ भएको हो । जसअन्तर्गत ३ वटा ट्याङ्की, पम्प हाउस र कार्यालय रहेको ३ वटा भवन रहेको छ भने विद्युतीय कार्यअन्तर्गत लिफ्टिङ कार्य सफलतापूर्वक सम्पन्न भएको छ । साढे ४ करोड रुपैयाँ लागत अनुमान गरिएको योजना हाल सम्पन्न हुँदा झण्डै ३ करोड खर्च भएको छ । हाल पानी वितरण कार्य सुरु हुँदा १०० वटा धारा वितरण गरिएको छ भने यसबाट राक्सिराङ गाउँपालिका वडा नं १,२,३ का ६५० घरधुरी लाभान्वित हुनेछन् ।

# राक्सीराङमा चट्याङको पूर्वसूचना दिने संयन्त्र जडान



साझाकुरा संवाददाता

हेटौंडा, १७ बैशाख/ मकवानपुरको राक्सिराङ गाउँपालिकामा चट्याङजन्य प्रकोपबाट जनधनको क्षति न्यूनीकरण गर्ने उद्देश्यले चट्याङको पूर्वसूचना दिने यन्त्र सेन्सर सहितको साइरन प्रणाली जडान गरिएको छ ।

साउथ एशियन लाइट्निङ नेटवर्कको प्राविधिक सहयोगमा यस्तो यन्त्र गाउँपालिकालाई हस्तान्तरण गरिएको हो । साउथएशियन लाइट्निङ नेटवर्कका अध्यक्ष तथा अनुसन्धानकर्ता श्रीराम शर्माका अनुसार यो यन्त्र दक्षिण एसियामै पहिलोपटक सफल परीक्षणपछि राक्सिराङमा स्थापना गरिएको हो ।

यसले आकाशमा विद्युतीय चार्जको अनुभूति गरेपछि १६ किलोमिटरको रेडियस भित्रका स्थानीय बासिन्दालाई १६ मिनेट अघि नै चट्याङको चेतावनी दिने उनले जानकारी दिए । गाउँपालिका अध्यक्ष राजकुमार मल्लले राक्सिराङ चट्याङको उच्चजोखिमयुक्तक्षेत्र भएकाले यस्तो प्रविधि अत्यन्तै उपयोगी हुने बताए ।

यसबाट पूर्वजानकारी मिल्ने भएकोले चट्याङबाट सचेत रहन र समयमै सुरक्षात्मक कदम चाल्न सहजहुने उनको विश्वास छ । राक्सिराङको वडा नं. १ को राम्चे, वडा २ र ३ को भाट्टी, वडा ४ को वडा कार्यालय, वडा ५ को चैनपुर, वडा ६ को सिलिङ्गे विद्यालय, वडा ७ को गर्लिङ, वडा ८ को पाङ्बुङ र वडा ९ को प्रहरीचौकी कान्द्राङमा साइरन प्रणाली जडान गरिने छ ।

पिपुल इन निडको आर्थिक सहयोग र साउथएशियन लाइट्निङ नेटवर्कको प्राविधिक सहकार्यमा एक मुख्य सेन्सर र आठवटा साइरन वितरण गरिएको हो । साइरनका बारेमा स्थानीयलाई जानकारी गराएर सुरक्षित रहनका लागि सचेत गराइने अध्यक्ष मल्लले बताए ।

# आँगनमा कुखुरा आएको भन्दै छोराले बाबुलाई बन्दुक हानेपछि...

साझाकुरा संवाददाता

हेटौंडा, १७ बैशाख/ मकवानपुर त्रिभुवन राजपथको अघोरमा एक युवकले आफ्नै बुबामाथि गोली प्रहार गरेका छन् ।

प्रहरीका अनुसार मकवानपुरको भीमफेदी गाउँपालिका-९ अघोरका ५९ वर्षीय कान्छाराम थिङलाई बुधबार उनकै छोरा ३५ वर्षीय इमानसिंह थिङले गोली प्रहार गरेका हुन् । छोरा इमानले भरुवा बन्दुकले गोली प्रहार गर्दा बुबा कान्छाराम घाइते भएका छन् । प्रहरीकाअनुसार बाबु र छोरा अलगअलग बस्दै आए पनि उनीहरुले प्रयोग गर्ने आँगन साझा थियो ।

बुबामाथि गोलो हान्ने इमानलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । उनको साथबाट एकनाले भरुवा बन्दुक बरामद भएको मकवानपुरका प्रहरीप्रवक्ता श्याम अर्यालले बताएका छन् । उनले अनुमतिविना बन्दुक राखेको पाइएको छ । प्रहरीका अनुसार कान्छारामको बायाँ खुट्टाको तिघ्रा र दाहिने हातमा गोलीको छर्रा लागेको छ । उनको अवस्था सामान्य रहेको र उनलाई उपचारका लागि हेटौंडा ल्याइएको प्रहरीले जनाएको छ ।

प्रहरीको प्रारम्भिक अनुसन्धान अनुसार कुखुरा आँगनमा आएको विषयमा बाबु-छोराबीच विवाद हुँदा बुबामाथि छोराले गोली हानेको देखिन्छ । घटनाबारे थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय भीमफेदीबाट प्रहरी निरीक्षक सन्तबहादुर श्रेष्ठको कमान्डमा टोली खटिएको प्रहरीले जनाएको छ ।

# सञ्चारमैत्री बजेट निर्माण गर्न सरकारलाई आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, १७ बैशाख/ नेपाल पत्रकार महासंघ बागमती प्रदेशले सञ्चारमैत्री बजेट निर्माण गर्न बागमती प्रदेश सरकारलाई आग्रह गरेको छ ।

आगामी आर्थिक वर्ष २०८२/८३ को कूल बजेटको कम्तिमा दुई प्रतिशत बजेट सञ्चारक्षेत्रमा विनियोजन गर्न महासंघले मुख्यमन्त्री बहादुरसिंह लामालाई बुधबार मागपत्र बुझाएको हो । 'बागमती प्रदेश सरकार गठनदेखि नै सञ्चार क्षेत्रको हित र प्रवर्द्धनमा सरकारले गर्दै आएको सहकार्य र सहयोगप्रति आभार व्यक्त गर्दछौं,' मागपत्रमा उल्लेख छ, 'अघिल्लो वर्षको बजेटमा प्रदेश सरकारको कूल बजेटको शुन्य दशमलव २० प्रतिशत भन्दा न्यून बजेट मात्र सञ्चारक्षेत्रमा विनियोजन हुनु दुःखद् कुरा हो । त्यसैले आगामी आर्थिक वर्षको बजेट सञ्चारमैत्री बनाईदिनु हुन माग गर्दछौं ।'

प्रदेशका पत्रकारलाई सामाजिक सुरक्षा कोषमा आवद्ध कार्यक्रम, पत्रकारलाई स्वास्थ्य वीमा कार्यक्रम, पत्रकार कल्याण कोष संचालन, पत्रकार महासंघ बागमतीको भवन निर्माण, प्रदेशस्तरीय पत्रकार संघसंगठनलाई अनुदान सहयोग, पत्रकारिता तालिमलगायत ३२ कार्यक्रम माग गरिएको छ । नेपाल पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारु मगरको नेतृत्वमा गएको टोलीमा पत्रकारको विभिन्न संघसंगठनको प्रतिनिधिको सहभागिता रहेको थियो ।

टोलीमा पत्रकार महासंघ बागमती प्रदेशका उपाध्यक्ष हरि हुँमागाई, निवर्तमान उपाध्यक्ष रुपेश दुलाल, प्रेस यूनियन बागमती प्रदेशका उपाध्यक्ष सुजन विडारी, प्रेस चौतारी बागमती प्रदेशका महासचिव प्रकाश दाहाल, प्रेस सेन्टर बागमती प्रदेशकी सचिव भावना रिजाल, नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) बागमती प्रदेशका लेखा संयोजक अशोक सुजन श्रेष्ठ लगायत रहेका थिए ।

# सेयर किनबेचमा नयाँ टीएमएस प्रयोग गर्ने ब्रोकर संख्या ६ पुग्यो

काठमाडौं/सेयर किनबेचका लागि आफ्नै ट्रेड म्यानेजमेन्ट सिस्टम (टीएमएस) प्रयोग गर्ने ब्रोकर कम्पनीको संख्या ६ पुगेको छ । हालै एनआईएमबी स्टक मार्केट (ब्रोकर नम्बर ७५) ले नयाँ टीएमएस प्रयोगमा ल्याएसँगै दायरा बढेको छ । यसअघि सेक्योर्ड, प्रज्ञान, कालिका, नेपाल स्टक हाउस र डायनामिक मनी म्यानेजर्सले नयाँ आफ्नै टीएमएस सञ्चालनमा ल्याइसकेका छन् ।

अरु तीन वटा कम्पनी यूएटीको प्रक्रियामा रहेको डिजीहबका प्रोजेक्ट म्यानेजर राजन घिमिरेले जानकारी दिए । यूएटीको प्रक्रिया सकिएपछि ती कम्पनीले पनि नयाँ टीएमएस प्रयोगमा ल्याउने छन् । 'ओपल, अरुण र त्रिशक्ति यूएटीको प्रक्रियामा छन्' घिमिरेले भने ।

श्रीलंकाको आइरन वान टेक्नोलोजीले विकास गरेको टीएमएस यहाँका ब्रोकर कम्पनीलाई डीजीहबले तयार गरेर प्रदान गर्दै आएको छ । नयाँ टीएमएस प्रयोग गर्नेले मोबाइल एपबाट पनि सहज रुपमा सेयर कारोबार गर्न सक्छन् । नयाँ टीएमएस मोबाइल एप, डेस्कटप र वेब गरी तीन भर्सनमा उपलब्ध छ ।

ग्राहकले कारोबारका लागि टीएमएस चलाउँदा कुनै शुल्क बुझाउन पर्दैन, जुन पहिलेदेखि रहँदै आएको छ । नयाँ टीएमएसमा प्रयोग गर्दा कोल्याटरल, खरिदपछि बाँकी रहेको कोल्याटरल रकम सही रूपमा देखिने छ ।

त्यस्तै नयाँ टीएमएस मार्फत ग्राहकले आफूले गरेको कारोबार विवरण, भुक्तानी लिन र दिन बाँकी रकमको हिसाबकिताब सही रूपमा हेर्न पाउनेछन् । नेप्सेको पुरानो टीएमएसमा आफ्नो हिसाबकिताब विवरण ब्रोकर कम्पनीसँगै माग्नुपर्ने बाध्यता लगानीकर्तामा छ ।

साथै आफ्नो परिवारकै कारोबार विवरण एकै प्रणालीमा आवद्ध गरेर कारोबार गर्न सकिन्छ । त्यस्तै सेयर बिक्री भइसकेपछि त्यहीं रकमबाट तुरुन्तै अरु कम्पनीको सेयर किन्न सक्नेछन् । हाल नेप्सेको टीएमएसमा कोल्याटरल नभएको अवस्थामा बेचेको पैसाबाट सेयर खरिद गर्न मिल्दैन ।

नयाँ टीएमएस मार्फत तथ्यांकीय रूपमा पनि विभिन्न कम्पनीको विश्लेषण गर्न सकिने छ । आफ्नो टीएमएस खोलिसकेपछि चार्ट हेर्नका लागि अरु वेब तथा एप चलाउनु पर्दैन । नयाँ टीएमएसमा ब्याकअप कारोबार समेत जोडिने भएकाले वास्तविक हिसाबकिताब एउटै प्लेटफर्ममा देखिने छ ।

# बजेटमा स्थानीय र प्रदेशको प्राथमिकता एउटै हुनुपर्छः मन्त्री काफ्ले




साझाकुरा संवाददाता

हेटौंडा, १७ बैशाख/ बागमती प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्लेले बजेटमा स्थानीय र प्रदेश सरकारको प्राथमिकता एउटै हुनुपर्ने बताएका छन् ।

बुधबार आर्थिक मामिला तथा योजना मन्त्रालयको आयोजनामा भएको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट तर्जूमाको सम्बन्धी स्थानीय सरकारसँगको पूर्वबजेट छलफल कार्यक्रममा मन्त्री काफ्लेले विगतमा स्थानीय र प्रदेश सरकारको तालमेल नमिल्दा बजेटको सही सदुपयोग हुन नसक्केको बताए । दुबै सरकारको एकै प्राथमिकता हुनेगरी आगामी वर्षको बजेट विनियोजन हुनुपर्नेमा उनको जोड थियो । मन्त्री काफ्लेले अलपत्र योजनालाई निर्माण प्रक्रियामा लैजानको लागि सरकारको गम्भीर रहेको दाबी गरे ।

उनले आगामी बजेटको प्राथमिकतामा त्यसतर्फ काम गर्ने विश्वास दिलाए । स्थानीय सरकारले आगामी योजना निर्माण गर्दा उत्पादन र रोजगारसँग जोडेर निर्माण गर्नुपर्नेमा मन्त्री काफ्लेले निर्देशन दिए । यसअघि प्रदेश सरकारले स्थानीय सरकारलाई दिएका अनुदानहरु चुहावट भएकाले त्यसले सरकारको आयदर उकास्न नसकेको उनले बताए । आगामी बजेट उत्पादनमुखी नभए वा बजेटको स्रोत सुनिश्चिता नभए सरकारको अर्थतन्त्र खस्किने मन्त्री काफ्लेको भनाई रहेको छ ।

संविधानमा उल्लेख भएका मौलिकहकको सदुपयोग गरी उत्पादनमुखी विकासमा दुई तहको सरकार जोडिनुपर्ने उनको भनाई छ । मन्त्री काफ्लेले बागमती प्रदेशको पहिलो प्राथमिकता उत्पादनमूखी बजेट निर्माण गर्नु रहेको रहेको उल्लेख गरे । कार्यक्रममा मन्त्रालयका सचिव कृष्णप्रसाद मैनालीले आगामी बजेटलाइ स्थानीय सरकारमैत्री बनाउन प्रदेश सरकारले जोड दिने बताए । सरकारले आगामी नीति तथा योजनामा परियोजना बैंक अवधारणालाई लागू गरेर अघि बढ्ने उनले बताए । निर्माण सम्पन्न भएका तर, अलपत्र रहेका योजनालाई आगामी बजेटले सम्बोधन गर्ने सचिव मैनालीको भनाई छ ।

कार्यक्रममा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले आगामी नीति योजनामा बागमती प्रदेश सरकारले प्रशासनिक भवन निर्माणमा जोड दिनुपर्ने कुरामा गम्भीर ध्यानाकर्षण गराइन् । करिब ८ वर्ष अघि स्थानीय सरकारले जग्गा उपलब्ध गराइसकेको तर, हालसम्म पनि प्रदेश सरकारले भवन निर्माण गर्न नसकेकोमा त्यसलाई गम्भीरतापूर्वक ध्यानमा राखि सरकार सञ्चालन गर्नुपर्ने उनले बताइन् । सरकारले लागत सहभागितामा अबको विकास योजना तय गर्नुपर्ने नगर प्रमुख लामाले उल्लेख गरिन् ।

# विद्युतीय गुनासो व्यवस्थापन प्रणालीको औपचारिक सुरुवात

साझाकुरा संवाददाता

हेटौंडा, १७ बैशाख/ बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयले विद्युतीय गुनासो व्यवस्थापन प्रणालीको औपचारिक सुरुवात गरेको छ ।

अब नागरिकले मन्त्रालयसँग सम्बन्धित सेवा तथा सुविधासम्बन्धी गुनासो घरमै बसेर अनलाइनमार्फत् दर्ता गर्न सक्ने भएका छन् । मन्त्रालयका सचिव बद्रीनाथ गैह्रेका अनुसार, नागरिकले मन्त्रालयसम्बन्धी कुनै पनि गुनासो लगइन गरी वा क्यूआर कोड स्क्यानमार्फत सजिलै दर्ता गर्न सक्ने व्यवस्था गरिएको छ ।

यस प्रणालीले नागरिकलाई सहजरुपमा गुनासो राख्न सक्ने अवसर प्रदान गर्नुका साथै सरकारको पारदर्शिता अभिवृद्धि गर्न सहयोग पुग्ने सचिव गैह्रेले बताए ।

मन्त्रालयका अनुसार, प्राप्त गुनासोको नियमितरुपमा सुनुवाइ गरिनेछ र यसले मन्त्रालयले प्रदान गर्ने सेवामा गुणात्मक सुधार ल्याउन मद्दत पुऱ्याउनेछ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादकः सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना